अमर ज्योति पूर्व विद्यार्थी समाजको विधान, २०५६ (संशोधन सहित)

(पुनर्लेखन २०८१)

प्रस्तावना :-

ग्रामीण परिवेशमा सर्वसुलभ र गुणस्तरीय शिक्षालाई अमर ज्योति शिक्षा दर्शनको रुपमा राष्ट्रिय स्तरमा उजागर गर्न अमर ज्योति जनता माध्यमिक विद्यालय, लुईटेल, गोरखाको गौरवमय इतिहासलाई मनन् गर्दै सो विद्यालयको गुणस्तरलाई अझै अभिवृद्धि गर्दै लैजाने कार्यमा पूर्व विद्यार्थीहरुको सामूहिक शीप, अनुभव र जाँगरको समुचित प्रयोग गर्न र सदस्यहरुवीच आपसी सहकार्य, एकता, सामाजिक सद्भाव र मैत्रीपूर्ण समन्ध कायम राख्दै, गुणस्तरीय शिक्षा, स्वास्थ्य, पुर्वाधार निर्माण, आर्थिक समुन्नति एवं दिगो विकासमा ठोस योगदान दिन मुनाफा रहित गैर सरकारी संस्थाको आवश्यकता महसुस गरी सो प्रयोजनका लागि संस्था दर्ता ऐन, २०३४ को अधीनमा रही "अमर ज्योति पूर्व विद्यार्थी समाज" गठन गर्न वाञ्छनीय भएकोले यो विधान तयार पारिएको छ।

परिच्छेद -१
प्रारम्भिक

१. संस्थाको नाम :-

यस संस्थाको नाम "अमर ज्योति पूर्व विद्यार्थी समाज" रहनेछ। यसलाई अंग्रेजीमा "**Society of Amar Jyoti Alumni**" र छोट्करीमा नेपालीमा "साजा" र अंग्रेजीमा "**SAJA**" भनिनेछ।

क) संस्थाको कार्यालय रहने ठेगाना :-

समाजको मुख्य कार्यालय पालुङटार-४, लुईटेल, गोरखामा र सम्पर्क कार्यालय काठमाडौंमा रहनेछ। आवश्यकता अनुसार स्वदेश तथा विदेशका अन्य स्थानहरुमा पनि समाजको शाखा वा च्याप्टर कार्यालय खोल्न सकिनेछ।

ख) संस्थाको कार्यक्षेत्र :-

यस समाजको कार्यक्षेत्र गोरखा जिल्ला भर रहनेछ। आवश्यकता अनुसार सम्वन्धित जिल्लाको स्थानीय अधिकारीको पूर्व स्वीकृति लिई अन्य जिल्लामा शाखा वा कार्यक्रम संचालनका लागि कार्यक्षेत्र विस्तार गर्न सकिने छ।

ग) प्रारम्भ :-

यो विधान प्रचलित कानून बमोजिम संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्व :-

१. समाज एक अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित, संगठित, गैर-नाफामूलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ ।

२. संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र स्थानीय अधिकारीको स्वीकृति लिई प्रचलित कानून बमोजिक सम्पति खरिद गर्न सक्नेछ ।

३. यस संस्थालाई व्यक्तिसरह आफ्नोतर्फबाट मुद्दा चलाउन वा आफू उपर परेको मुद्दामा प्रतिवाद गर्न अधिकार हुनेछ ।

४. संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारको हनन् गर्नेछैन।

५. संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिनेछैन ।

२. परिभाषा :-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा -

(क) "समाज" भन्नाले अमर ज्योति पूर्व विद्यार्थी समाज सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले संस्था दर्ता ऐन, २०३४ सम्झनु पर्छ ।

(ग) "विद्यालय" भन्नाले अमर ज्योति जनता माध्यामिक विद्यालय सम्झनु पर्छ ।

(घ) "पूर्व विद्यार्थी" भन्नाले उक्त विद्यालयबाट एस.एल.सी/एस.ई.ई वा +२ उतीर्ण गरेका वा कम्तीमा एक शैक्षिक वर्ष अध्ययन पुरा गरी सो विद्यालय छाडेका विद्यार्थी सम्झनु पर्छ। तर त्यस्ता सदस्यले विद्यालयबाट आफू त्यस विद्यालय अध्ययन गरेको प्रमाण पेश गर्नु पर्नेछ।

(ङ) "छाप" भन्नाले अमर ज्योति पूर्व विद्यार्थी समाजको छाप सम्झनु पर्छ ।

(च) "विधान" भन्नाले अमर ज्योति पूर्व विद्यार्थी समाजको विधान सम्झनु पर्छ।

(छ) "कार्य समिति" भन्नाले समाजको विधान अनुसार गठन भएको कार्य समिति सम्झनु पर्छ ।

(ज) "अध्यक्ष" भन्नाले समाजको अध्यक्ष सम्झनु पर्छ ।

(झ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।

(ञ) "नियम" भन्नाले विधानको अधीनमा रही बनाइएको नियम सम्झनु पर्छ ।

(ट) "विनियम" भन्नाले विधान र नियमको अधीनमा रही बनाइएको विनियम सम्झनु पर्छ ।

(ठ) "विद्यार्थी" भन्नाले अमर ज्योति जनता माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी सम्झनुपर्छ।

(ङ) "कोष" भन्नाले समाजको कोष सम्झनु पर्छ ।

(ढ) "कार्य समितिको पदाधिकारी" भन्नाले समाजका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ।

(ण) "लोगो वा चिन्ह" भन्नाले अमर ज्योति पूर्व विद्यार्थी समाजको लोगो वा चिन्ह सम्झनु पर्छ।

३. संस्थाको छाप र लोगो वा चिन्ह :-

प्रचलित संस्थाको प्रतिकुल नहुने गरी संस्थाको छुट्टै छाप र लोगो वा चिन्ह हुनेछ । "लोगो वा चिन्ह" अनुसूची १ मा दिइए बमोजिमको ढाँचामा र "छाप" अनुसूची २ मा दिइए बमोजिमको ढाँचामा हुनेछ।

परिच्छेद-२

संस्थाको उद्देश्य

४. संस्थाको उद्देश्य :-

समाजका उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

(क) विद्यालयको क्षमता अभिवृद्धि गरी अविच्छिन्न रुपमा शैक्षिक गुणस्तर कायम राख्न आवश्यक पर्ने आर्थिक, भौतिक र शैक्षिक पूर्वाधारको विकासको लागि सक्रिय सहयोग जुटाउने ।

(ख) देश तथा विदेशस्थित पूर्व विद्यार्थीहरु, विद्यालय परिवार तथा अन्य नेपालीहरू बीच पारस्परिक सम्पर्क, आत्मीयता, सद्भाव र ऐक्यवद्धता कायम गरि एक आपसमा आवश्यक सहयोग गर्ने।

(ग) ग्रामीण परिवेशमा सर्वसुलभ र गुणस्तरीय शिक्षालाई "अमर ज्योति" शिक्षा दर्शनको रुपमा व्यापक प्रचारप्रसार गर्ने, गराउने ।

(घ) विद्यालय र संस्थाको कार्यक्षेत्रभित्र रहेर गुणस्तरीय शिक्षा, स्वास्थ्य, खेलकुद, पूर्वाधार निर्माण, क्षमता विकास लगायतका क्षेत्रमा आवश्यकता पहिचान गरि आर्थिक, भौतिक, प्राविधिक तथा अन्य सहयोगमूलक कार्यहरु गर्ने, गराउने ।

(ङ) समान उद्देश्य प्राप्तिका लागि स्थानीय तथा राष्ट्रिय/ अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय, सहकार्य गरी विद्यालय र संस्थागत विकासका क्षेत्रमा विविध सहयोग आदानप्रदान गर्ने।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-

क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ।

ख) संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्न, भवन निर्माण गर्न वा भाडामा वा लिजमा लिन तथा दिन सक्नेछ । साथै कम्प्युटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन आवश्कयता अनुसार खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) विधानको मातहतमा रही संस्थालाई आवश्यक भए वमोजिमको नियम, विनियम निर्माण गरि लागु गरिनेछ ।

घ) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा कर्मचारीका सेवाका शर्तहरुका विषयहरु विनियममा उल्लेख भए अनुसार हुनेछ ।

ङ) संस्थाको उद्देश्य कार्यान्वयनका लागि गोष्ठी, सेमिनार, भेला, छलफल आदि कार्य गर्नुका अतिरिक्त सरकारी गैर-सरकारी तथा राष्ट्रिय / अन्तर्राष्ट्रिय संघ संस्थाहरूको समन्वयमा आवश्यक सहयोग आदानप्रदान गरि उपलव्धीमुलक क्रियाकलापहरु गरिनेछ ।

च) साम्प्रदायिक सद्भाव, धार्मिक सहिष्णुता, लैङ्गिक समता, सामाजिक न्याय जस्ता विषयलाई सधैं उच्च प्राथमिकतामा राखी कार्य गरिनेछ ।

छ) विधान र प्रचलित कानूनमा नबाझिने गरी अन्य कार्यक्रमहरु संचालन गरिनेछ ।

ज) कुनै विवाद भएमा विधान र प्रचलित कानुन वमोजिम त्यस्ता विवादको समाधान गरिनेछ।

झ) संस्थाले वाणिज्य बैंकमा खाता खोली आर्थिक कारोवार गर्नेछ ।

परिच्छेद-३
सदस्यता

६. सदस्यका प्रकार र सदस्यता शुल्क :-

समाजमा देहायवमोजिमका सदस्यहरु रहने छन् ।

(क) संस्थापक सदस्य :

समाजको प्रथम साधारण सभा हुनुभन्दा अघि सदस्यता प्राप्त गर्ने सदस्यहरु संस्थापक सदस्य हुनेछन् । साथै संस्थापक सदस्यहरुले तोकिए वमोजिमको शुल्क बुझाई साधारण वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन्।

(ख) साधारण सदस्य :

यस विधानको दफा ७ वमोजिम योग्यता पुगेका पूर्व विद्यार्थीहरुले तोकिएको प्रक्रिया अन्तर्गत रही सदस्यता शुल्क रु. ५००/- बुझाई निवेदन गरेमा कार्य समितिको निर्णयले साधारण

सदस्यता प्रदान गरिनेछ। साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र नविकरण शुल्क रु ३००/- बुझाई सदस्यता नविकरण गराउनु पर्नेछ।

(ग) आजीवन सदस्य :

साधारण सदस्यका लागि योग्यता पुगेको व्यक्ति वा साधारण सदस्यता प्राप्त गरेको व्यक्तिले आजीवन सदस्यता लिन चाहेमा एकमुष्ठ रु.५०००/- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिएमा कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ।

(घ) मानार्थ सदस्य :

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ट व्यक्तित्व तथा विद्यालयको विगत तथा वर्तमानसँग घनिष्ट रुपले संबद्ध प्रतिष्ठित नेपाली नागरिकहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ। तर मानार्थ सदस्यलाई मत दिने अधिकार हुनेछैन।

७. सदस्य हुनको लागि योग्यता :-

यस संस्थाको सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) विद्यालयको पूर्व विद्यार्थी भई समाजको उद्देश्य अनुसार कार्य गर्न इच्छुक भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

(घ) सार्वजनिक तथा सामाजिक संघ-संस्थाको सम्पत्ति हिनामिना नगरेको,

(ङ) १६ वर्ष उमेर पूरा भएको,

(च) मानसिक सन्तुलन नगुमाएको,

(छ) सामाजिक कार्यमा अभिरुची भएको ।

८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :-

देहायको अवस्थामा कुनै पनि व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) १६ वर्ष उमेर पूरा नगरेको ।

ग) मानसिक सन्तुलन ठीक नभएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहर भएको ।

ङ) नैतिक पतन देखिने फौजदारी वा भष्टचारको अभियोगमा सजाय पाएको ।

च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थबाट परिचालित भएको ।

छ) दामसाहीमा परेको ।

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धानमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएकोमा तीन वर्ष ननाघेको।

९. सदस्यता समाप्ती :-

देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) सदस्यको मृत्य भएमा ।

ग) साधारण सभाको दुई तिहाई सदस्यहरुको बहुमतले संस्थाको सदस्यबाट हटाउने प्रस्ताव पारित गरेमा ।

घ) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

ङ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

च) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

छ) सदस्यता नवीकरण नभएमा ।

ज) समाजको हितबिरुद्ध कार्य गरेको भनी कार्य समितिको बहुमतले प्रस्ताव पारित गरेमा ।

झ) कानुनी रुपमा फौजदारी अभियोग लागेमा निलम्बन र प्रमाणित भएपछि स्वतः सदस्यता खारेज हुनेछ।

ञ) संस्था विघटन भै खारेज भएमा ।

तर कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइने छ ।

परिच्छेद ४

साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था

१०. साधारण सभाको गठनः-

(क) यस विधानको दफा ६(घ) बमोजिमका मानार्थ सदस्यहरु बाहेक दफा ६ को (क),(ख),(ग) बमोजिमका सदस्यहरु सम्मिलित रहेको साधारण सभाको गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् र निजहरुको मताधिकार हुनेछैन । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ- ।

(ख) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

१. **वार्षिक साधारण सभा** :- वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

२. **विशेष साधारण सभा** :- विशेष कुराको निर्णय गर्नुपर्ने भएमा कार्य समितिको बहुमत वा समाजको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा कार्य समितिले कम्तीमा ७ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछैन ।

३. यस संस्थाको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिनाभित्र गरिनेछ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ मिति र छलफलको विषय खोली सबै सदस्यहरुलाई सुचना दिईनेछ ।

५. यसरी साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १७ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाईनेछ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

११. साधारण सभाको काम कर्तव्य र अधिकारः-

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्य समितिले पेश गरेको योजना, कार्यक्रम र वार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारी एवं सदस्यहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारी एवं सदस्यहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने।

(च) कार्य समितिबाट पेश भएका विधान संशोधन सम्बन्धी प्रस्ताव पारित गरि स्वीकृतिको लागि सम्बन्धित स्थानीय अधिकारी समक्ष पठाउने र नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) आवश्यकता अनुसार संस्थाको संरक्षक मनोनयन र मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी तथा कर्मचारीहरुको पारिश्रमिक, तलब भत्ता र अन्य सुविधाहरु आवश्यकता अनुरुप स्वीकृति गर्ने।

१२. **कार्य समितिको गठन विधि :-**

(क) साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारी एवं सदस्यहरु रहने १७ (सत्र) सदस्यीय एक कार्य समिति गठन गरिनेछ।

अध्यक्ष — १ जना
वरिष्ठ उपाध्यक्ष - १ जना
उपाध्यक्ष(खुला) - १ जना
उपाध्यक्ष (महिला) — १ जना
महासचिव - १ जना
सचिव — १ जना
कोषाध्यक्ष - १ जना
सदस्यहरु — १० जना

(ख) कार्य समितिको पदावधि तीन वर्षको हुनेछ ।

(ग) वार्षिक साधारण सभा हुनु भन्दा अगावै कार्य समितिमा कुनै पदाधिकारीको पद जुनसुकै कारणले रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिको बहुमतको निर्णयद्वारा कार्य समितिको कुनै पदाधिकारी वा सदस्यलाई रिक्त पदमा पदस्थापन गरी समाजको कार्य संचालन गर्न सकिनेछ । त्यसै गरी कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्य समितिको सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ।

(घ) कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा महासचिवले बोलाउनेछन्। तर कार्य समितिका पदाधिकारी वा सदस्यहरुको जम्मा संख्याको २५% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

(ङ) कार्य समितिका पदाधिकारी वा सदस्यहरुको कुल संख्याको ५१% पदाधिकारी वा सदस्यहरु उपस्थित नभै कार्य समितिको बैठक बस्ने छैन ।

(च) कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा नियमानुसार वरिष्ठ उपाध्यक्षले र वरिष्ठ उपाध्यक्षको पनि अनुपस्थिति रहेमा तोकिएको उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् ।

(छ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन्।

(ज) कार्य समितिको बैठकमा छलफल भएका विषयहरुको निर्णय छुट्टै किताबमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ । तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

(झ) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्यहरू कार्य समितिको निर्णयबाट हुनेछ ।

(ञ) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ। उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

१३. कार्य समितिको काम कर्तव्य र अधिकार :-

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. साधारण सभा आह्वान गर्ने र प्रस्तावहरु पेश गर्ने ।

२. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

३. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन गर्ने, गराउने।

४. संस्थाको हितमा हुने गरि उद्देश्य अनुरूपका कार्यक्रमहरु सञ्चालन गर्ने ।

५. साधारण सभा प्रति उत्तरदायी रहने ।

६. समाजको सदस्यता प्रदान गर्ने ।

७. विधानको परिधिभित्र रहि नियम, विनियम एवं कार्यविधी बनाई लागु गर्ने ।

८. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम एवं विवेकपूर्ण उपयोग र परिचालन गर्ने।

९. संस्थाको कार्यसम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण अनुगमन गर्ने ।

१०. संस्थाको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सम्पूर्ण आर्थिक कारोवारलाई बैंकमार्फत संचालन गर्ने।

११. संस्थाका कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धित कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने, गराउने ।

१२. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुलाई सल्लाहकार मनोनयन तथा समिति, उपसमिति गठन र आवश्यकता अनुरुप कार्यको बाँडफाड गरि दिने।

१३. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१४. कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको सदस्यता कायम नरहने अवस्था :-

निम्न अवस्थामा कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको सदस्यता समाप्त हुनेछ :

(क) अध्यक्षले वरिष्ठ उपाध्यक्षमार्फत् कार्य समितिसमक्ष र कार्य समितिका अन्य पदाधिकारी एवं सदस्यहरुले अध्यक्षसमक्ष दिएको राजीनामा कार्य समितिले स्वीकृत गरेमा ।

(ख) सदस्यको मृत्यु भएमा ।

(ग) विनासूचना लगातार तीनपटकसम्म बैठकमा अनुपस्थित भएमा ।

(घ) समाजको हितविरुद्ध कार्य गरेको भन्ने प्रस्ताव साधारण सभाका दुईतिहाई सदस्यहरुले पारित गरेमा।

१५. अन्य समितिहरुः-

(क) यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्नेछ ।

(ख) समिति वा उप-समितिहरु गठन गर्दा आवश्यकता र औचित्यता पुष्टि हुने गरि गर्नुपर्नेछ । समिति वा उप-समितिहरुका कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछन् ।

(ग) कार्य समितिले उपयुक्त ठानेका व्यक्तिहरुलाई समाजको सल्लाहाकारको रुपमा मनोनयन गर्न सक्नेछ। त्यसरी मनोनयन गरिएका सल्लाहकारहरुको पदावधि भने जुन कार्य समितिले मनोनयन गरेको हो, त्यसै कार्य समितिको पदावधिसम्म कायम रहनेछ । तर एउटै व्यक्तिलाई पटकपटक सल्लाहकारमा मनोनयन गर्न सकिनेछ ।कार्य समितिका निवर्तमान अध्यक्ष एक पदावधिका लागि स्वतः सल्लाहकार हुनेछन् ।

परिच्छेद ५

पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१६. पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः-

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) अध्यक्षको काम, कर्तव्य र अधिकार :-

क) कार्य समिति र साधारण सभा तथा विशेष साधारण सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख) पक्ष र विपक्षमा मत बराबर भएमा निर्णायक मत दिने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व लिने ।

ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने ।

च) विधानमा तोकिए बमोजिम बाहेक आवश्यकता अनुसार अन्य पदाधिकारी तथा सदस्यहरुलाई कामको बाँडफाँड, जिम्मेवारी हेरफेर, पुनर्गठन तथा निर्देशन दिने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

ज) साधारण सभा र कार्य समितिद्वारा गरिएका निर्णयहरु कार्यान्यन, रेखदेख, अनुगमन र नियन्त्रण गर्ने, गराउने ।

झ) कुनै पनि व्यक्ती, संस्था वा सरकारसंग समाजको हितमा सम्झौता गर्ने, गराउने ।

ञ) समाजको सम्पूर्ण सम्पतिको संरक्षण, सम्बर्द्धन र नियन्त्रण गर्ने, गराउने ।

ट) समाजको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

२) वरिष्ठ उपाध्यक्षको काम कर्तव्य अधिकार :-

क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

ख) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले दिएको जिम्वेवारी पूरा गर्ने ।

घ) अध्यक्षको अनुमति लिएर अन्य संघसंस्थासंग समन्वय, सहकार्य र प्रतिनिधित्व गर्ने ।

ङ) समाजको हितको लागि आवश्यक अन्य कार्य गर्ने ।

३) उपाध्यक्ष (खुला/महिला) को काम, कर्तव्य र अधिकार :-

क) वरिष्ठ उपाध्यक्षको अनुपस्थितमा तोकिएको उपाध्यक्षले निजले सम्पादन गर्ने कार्य गर्ने ।

ख) अध्यक्ष वा कार्य समितिले तोके बमोजिम कामहरु गर्ने।

ग) समाजको हितको लागि आवश्यक अन्य कार्य गर्ने ।

४) महासचिवको काम, कर्तव्य र अधिकार :-

क) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ख) संस्थाको सचिवालयको रेखदेख र दैनिक कार्य सञ्चालन गर्ने ।

ग) संस्थाको साधारण सभामा वार्षिक कार्यक्रम पेश गर्ने ।

घ) संस्थाको सम्पूर्ण कागजात, चल–अचल सम्पत्तिको हिफाजत गर्ने ।

ङ) बैठकको कार्यसुची तयार गर्ने, बैठकका निर्णयहरु अभिलेखन गर्ने, सोको पुस्तिका सुरक्षित राख्ने साथै आवश्यकता अनुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने ।

च) स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन एवं मुल्याङ्कनको व्यवस्था गर्ने, गराउने ।

छ) विभिन्न क्षेत्रबाट आएका प्रतिक्रिया, सिफारिश, निर्णयहरु समितिमा पेश गर्ने ।

ज) अभिलेख सुरक्षित राख्ने ।

झ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

५) सचिवको काम, कर्तव्य र अधिकार :-

क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण कार्यहरु गर्ने।

ख) संस्थाको लेखापढी र आवश्यक प्रतिवेदन तयार पार्न सहयोग गर्ने ।

ग) बैठकको निर्णय लागु गराउन प्रयत्नशील रहने ।

घ) अध्यक्ष वा कार्य समितिले तोके बमोजिम कामहरु गर्ने।

ङ) समाजको हितको लागि आवश्यक अन्य कार्य गर्ने ।

६) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने

ख) साधारण सभामा आर्थिक प्रतिवेदन पेश गर्ने।

ग) संस्थाको लेखा नेपाल सरकारको प्रचलित आर्थिक ऐन तथा कार्यविधिको आधारमा दुरुस्त राख्ने।

घ) नियमितरुपमा वार्षिक लेखापरिक्षण गराउने र प्रतिवेदन सम्बन्धित निकायमा पठाउने।

ङ) संस्थाको आर्थिक उन्नतिको लागि कार्य योजना बनाई कार्य समितिमा पेश गर्ने र कार्यान्वयन गर्ने।

च) संस्थाले आवश्यक ठानेको क्षेत्र र विषयमा समितिको बैठकले तोकेको खर्च, अध्यक्षको आदेशमा रकम निकासा गर्ने ।

छ) भौतिक संरचना र जिन्सी सामानको अभिलेख दुरुस्त राख्ने ।

ज) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने, गराउने ।

७) सदस्यहरुको काम, कर्तव्य र अधिकार :-

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

ग) समितिको निर्णय पालना र कार्यान्वयन गर्ने ।

घ) कार्य समितिले तोकेको जिम्मेवारी बहन गरि आवश्यकता अनुसारका कार्यहरु गर्ने।

१७. गणपूरक संख्या :-

क) कुल सदस्य संख्याको बहुमत (५१ प्रतिशत) साधारण सदस्यहरुको उपस्थिति नभई साधारण सभाको काम कारवाही हुने छैन ।

ख) तर विधानको दफा १० को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको २५% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

परिच्छेद ६

आर्थिक व्यवस्था

१८. संस्थाको कोष :-

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् ।

क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्क एवं थप दस्तुरको रकम,

ख) व्यक्तिगत र संस्थागत रुपमा प्राप्त सहयोग र अनुदान बापतको रकम,

ग) संस्थाको चल-अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम,

घ) विदेशी संस्था, व्यक्ति वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट सहयोग र अनुदान बापत प्राप्त रकम,

ङ) नेपाल सरकार, समाज कल्याण परिषद वा अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय सरकारी, गैर-सरकारी संघ संस्था एवं स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम,

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिनु पर्ने भएमा समाज कल्याण ऐन २०४९ दफा १६ बमोजिम समाज कल्याण परिषदको पूर्व स्वीकृती लिईनेछ ।

३. संस्थामा प्राप्त रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

४. अचल सम्पत्तिको बिक्री गर्दा स्थानीय अधिकारीको स्वीकृति लिईनेछ ।

१९. खाता सञ्चालन :-

संस्थाको बैंक खाता अध्यक्ष वा महासचिव र कोषाध्यक्ष (अनिवार्य) को संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२०. कोषको रकम खर्च गर्ने तरिका :-

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम खर्च गरिने छ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ।

ग) कोषबाट रकम खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम गर्नुपर्नेछ।

२१. संस्थाको लेखा र लेखा परीक्षण :-

क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तबरले राखिने छ ।

ख) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत आफै वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

घ) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ ।

ङ) संस्थाको वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, नविकरण लगायतका अन्य कागजातहरु वार्षिक रुपमा जिल्ला प्रशासन कार्यालय एवं समाज कल्याण परिषदमा अनिवार्य पेश गर्नु पर्नेछ।

परिच्छेद-७

निर्वाचन, अविश्वासको प्रस्ताव, बिधान संशोधन सम्वन्धी व्यवस्था

२२. निर्वाचन सम्वन्धी व्यवस्था :-

क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि कार्यसमितिको सहमतिद्वारा ३ जनाको एक निर्वाचन समिति गठन गरिनेछ।

ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ।

ग) निर्वाचन सम्वन्धी कुनै विवाद उत्पन्न भएमा विवाद समाधानका लागि निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।

घ) निर्वाचन सम्पन्न भई निर्वाचित पदाधिकारी तथा सदस्यहरुको सपथ ग्रहण समाप्त भएपछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२३. उम्मेदवार हुने योग्यता :-

१. कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) दफा ६ बमोजिम सदस्यता प्राप्त गरेको.

(ख) नेपाली ना.प्र.पत्रको प्रमाण पत्र प्राप्त गरेको.

(ग) पदाधिकारीको लागि १ (एक) कार्यकाल कार्य समितिमा रही काम गरेको र अन्य पदका लागि कम्तिमा १८ वर्ष उमेर पुगेको.

(घ) मानसिक सन्तुलन नगुमाएको.

(ङ) प्रचलित ऐन कानूनले दोषी नठहर्याएको.

(च) संस्थाको उद्देश्य प्रति वफादार भएको ।

२. कार्य समितिका पदाधिकारी तथा सदस्य पदमा उम्मेदवारी दर्ता गर्न् तोकिए बमोजिम उम्मेद्वारी शुल्क बुझाउनु पर्नेछ ।

२४. अविश्वासको प्रस्ताव :-

(क) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

१. नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

२. प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

३. साधारण सभा सदस्यहरु मध्येवाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम. थर र ठेगाना खुलाई सहीछाप भएको हुनुपर्छ ।

(ख) उपदफा (क) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान.मिति समय समेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाइ विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा वस्ने सूचना दिइनेछ ।

(ग) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :-

१. साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा (क) बमोजिम प्रस्ताव पेश गर्न अनुमति दिईनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउन पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

२. उपदफा क (३) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्ताव प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछन्।

३. उपदफा ग (२) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरु राख्न अनुमति दिइनेछ ।

(घ) अविश्वासको प्रस्ताव माथि निर्णय :-

१.अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्न निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछन् ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने अर्को समूह छुट्याएर वा

ख) साधारण सभाको सदस्यहरुलाइ अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर,

२.साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुइ तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछन् ।

३.निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईनेछैन ।

२५. बरबुझारथ :-

समाजको कुनै पदाधिकारी कुनै कारणवस आफ्नो पदबाट हटेमा निजले आफू हटेको पदमा बहाल हुन आउने पदाधिकारी वा कार्य समितिलाई आफ्नो जिम्मामा रहेको अभिलेख, कागजात, नगदजिन्सी आदि बरबुझारथ गर्नुपर्नेछ । नियमानुसार बरबुझारथ नगरेमा कार्य समितिले कार्यविधि तय गरि आवश्यक कारवाही गर्न सक्नेछ ।

२६. विधान संशोधन :-

कूल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि

पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७. विनियम बनाउन सक्ने :-

(क) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो विनियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ ।

(ख) यो विधान र विधान अन्तर्गत बनेको विनियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी कार्यविधि बनाई लागू गर्न सक्नेछ । त्यस्तो कार्यविधिहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था :-

संस्थाको दैनिक कार्य योजना तथा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र सेवा शर्तहरु सहितको कर्मचारी विनियमावली निर्माण गरि साधारण सभाबाट स्वीकृति गराई कार्यान्वयन गर्नुपर्नेछ ।

२९. अधिकार प्रत्योजन :-

(क) कार्य समितिले विधानको अधीनमा रही आफूमा भएको सबै वा केही अधिकार कुनै समिति, उपसमिति, कार्य समितिको कुनै पदाधिकारी वा सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेंछ । तर विधान संशोधन र समाजको सदस्यता खारेज गर्ने अधिकार प्रत्यायोजन हुन सक्नेछैन ।

(ख) खण्ड (क) बमोजिम प्रत्यायोजन गरिएको अधिकार फिर्ता लिन सकिनेछ ।

३०. संस्था खारेज :-

(क) साधारण सभाले अनावश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजीको लागि स्थानीय अधिकारी समक्ष पेश गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजी कार्यको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्ती गर्न सक्नेछ ।

(ग) लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(घ) यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने :-

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइनेछैन । संस्थाको गोपनियता कायम राख्न पदाधिकारी र सदस्यहरुको जिम्मेवारी रहनेछ ।

३२. ऐन अनुसार हुने :-

यस विधानमा उल्लेख नभएका कुराहरु संघ संस्था दर्ता ऐन तथा नियमावली र प्रचलित कानुन बमोजिम हुनेछ साथै संस्था दर्ता ऐन, नियमावली र प्रचलित कानूनसँग बाझिने प्रावधान तथा कानूनहरु बाझिएको हदसम्म स्वत: अमान्य हुनेछन्।

३३. निर्देशनको पालना :-

(क) नेपाल सरकार वा स्थानीय अधिकारीले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।


(ख) संस्थाबाट सञ्चालित क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ, संगठनसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको विपरित हुन जाने वा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र शान्ति, सुव्यवस्थामा खलल पुग्ने कुनै काम गर्नेछैन ।

३४. विविध :-

संस्थाको साधारण सभाबाट वा अन्य प्रावधानबाट निर्वाचित/मनोनित कार्य समितिका पदाधिकारी एवं सदस्यहरुलाई अनुसूची ३ बमोजिमको सपथ गराइनेछ।

अनुसूची १

अमर ज्योति पूर्व विद्यार्थी समाजको "लोगो वा चिन्ह" निम्न बमोजिम हुनेछ ।



अनुसूची २

अमरज्योति पूर्व विद्यार्थी समाजको छाप देहाय बमोजिम हुनेछ।



अनुसूची ३

अमर ज्योति पूर्व विद्यार्थी समाजका निर्वाचित/मनोनित पदाधिकारी एवं सदस्यहरुलाई गराइने सपथ निम्नानुसार हुनेछ।

"म ..... यस अमर ज्योति पूर्व विद्यार्थी समाजको साधारण सभाबाट कार्य समितिको ..... पदमा निर्वाचित/मनोनित भएकोमा आफ्नो संस्थाको विधान, नीति नियमअनुसार संस्थाको हित र स्वार्थलाई सर्वोपरी मानी व्यक्तिगत स्वार्थ, हितलाई त्यागी कुनै मोलाहिजामा नलागी इमान्दारीपूर्वक संस्थाप्रति मन, वचन र कर्मले आफ्नो पदीय जिम्मेवारी पूरा गर्नेछु ।

जय अमर ज्योति ! जय साजा !!"

सपथ गराउने

नामः-

पदः-

सपथ लिने

नामः-

पदः-